आज मिति २०८०।०१।२४ गते आइतबारका दिन बिहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को २० औं बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारंत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | Ashee |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८०।०१।२४ गते

समय : विहान १०:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०८०।०१।२० गते

**छलफलका एजेण्डाहरु:**

प्रस्ताव नं. १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,
प्रस्ताव नं. २ बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा,
प्रस्ताव नं. ३ तातोपानी कुण्डको डिपिआर सम्बन्धमा,
प्रस्ताव नं. ४ रोयल्टी बाँडफाँड/राजश्व बाँडफाँडको मापदण्ड सम्बन्धमा,
प्रस्ताव नं. ५ हाईड्रोपावरहरुको सिफारिस सम्बन्धमा,
प्रस्ताव नं. ६ विविध समसामयिक विषयमा ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७२

**निर्णय नं. १:**

प्रस्ताव नं. १ उपर छलफल गर्दा गाउँ कार्यपालिकाबाट भएका पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयनको चरणमा रहेको पाइयो ।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ उपर छलफल गर्दा बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा प्रदेश नीति तथा योजना आयोगबाट कार्यपालिका सदस्यहरु तथा यस गाउँपालिकाको बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धित क्षेत्रसंग सम्बन्धित कर्मचारीहरुलाई अभिमुखिकरण प्राप्त भयो । साथै मिति २०७९।०९।२७ को कार्यपालिका बैठकको निर्णयबाट विनियोजित बजेट/कार्यक्रम सम्बन्धित शाखाहरुले शिघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ भुरुङ तातोपानी कुण्डको डिपिआरको सम्बन्धमा छलफल गर्दा रु १,००,०००।– बजेट विनियोजन गरी परामर्श सेवा मार्फत संशोधन गर्ने ।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ रोयल्टी बाँडफाड/राजश्व बाँडफाडको विषय उपर छलफल गर्दा यसलाई आगामी कार्यपालिकाको बैठकमा छलफल गर्ने ।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ हाईड्रोपावरहरुको सिफारिस सम्बन्धमा छलफल गर्दा रेलेखोला जलविद्युत आयोजना र सुपर घलेम्दी हाईड्रोपावरले माग गरे अनुसार सकारात्मक र नकारात्मक प्रभाव उल्लेख गरी सिफारिस गर्ने ।

**निर्णय नं. ६:**

प्रस्ताव नं ६ उपर विविध विषयमा छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

१. वडा नं. ७ को कार्यालय भवन निर्माण गर्नका लागि वडा नं. ७ को वडा समितिको निर्णय सहित च.नं. २६२, मिति २०७९।८।१२ को सिफारिस पत्रबाट उल्लेख भई आएका तपसिलका जग्गाहरु यस कार्यालयको नाममा नि:शुल्क प्राप्ती गर्ने । आवश्यक प्रकृया पुरा गरी सम्बन्धित मन्त्रालय समक्ष नि:शुल्क प्राप्तीको अनुमति माग गर्ने ।

__तपसिल:__

| क्र.स. | जग्गाधनीको नाम, थर | वडा नं. | कि. नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | हर्क बहादुर पुर्जा | ३। क | १८ | ०-८-०-० | |
| २ | परजित गर्बुजा | ३। क | १६ | ०-६-०-२ | |
| ३ | थम बहादुर गर्बुजा | ३। क | ३९७ | ०-७-१-१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | लोक बहादुर फगामी पुन | ३। क | २७ | ०-६-१-३ | |
| ५ | मन बहादुर पुर्जा | ३। क | १७ | ०-३-१-१ | |
| ६ | भिममाया गर्बुजा | ३। क | १५ | ०-३-३-३ | |
| ७ | गौमाया गर्बुजा | ३। क | १९ | ०-५-२-० | |
| ८ | रत्न बहादुर गर्बुजा | ३। क | १४ | ०-६-१-२ | |
| ९ | गौरी गर्बुजा | ३। क | २९ | ०-५-०-१ | |
| १० | जत्नु गर्बुजा | ३। क | २८ | ०-४-१-२ | |
| ११ | प्रितम रन्तिजा | ३। क | ३९५ | ०-२-३-१ | ०-१२-३-१ मध्ये कित्ता काट गर्नुपर्ने |

२. वडा नं. ५ को च.न. ८१५, मिति २०८०।१।५ को पत्रानुसार माग भए अनुसार विविध खर्च/कार्यलाय व्यवस्थापन र अन्य खर्च शिर्षकमा विनियोजित रकमबाट मिति २०७९।१२।२७-२०८०।१।१ सम्म सञ्चालित अध्यक्ष कप प्रतियोगिताको विविध खर्च भुक्तानी गर्ने निर्णय गरियो।

३. वडा नं. ४ को प्रभा मा.वि.को भवन निर्माणको लागि बोलपत्र आह्वान भई सारभुत रुपमा प्रभावग्राही निर्माण कम्पनी जयलक्ष्मी/अभिनव जे.भी. रु ३,८४,१८,०९७।– मा छनौट भएकाले मिति २०८१।२।३० सम्मको म्याद कायम गरी सम्झौता गर्ने।

४. गाउँपालिका कार्यालयबाट मिति २०७९।९।७ गते www.bolpatra.gov.np/egp र रुप्से राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरि परामर्श सेवा "Consulting Services for Preparation of DPR & IEE for Mahvir-Histan-Ramche-Nagi Road (42KM- Local Road) र Gharkhola-Nepane-Paudwar-Kindu-Dhaskekhoria-Swanta-Mulpani Road (20KM- Local Road) in Annapurna Rural Municipality, Myagdi" का लागि NSEC-RIDC-Signature JV, Kupandol, Lalitur रु २५,०५,१४८ मा छनौट भएकाले यसै आ.व.मा कार्यसम्पादन हुने गरी सम्झौता गर्ने।

५. बालबालिका सम्बन्धि नियमावली, २०७८ को नियम ८१ अन्नपूर्ण गाउँपालिकाको बाल कल्याण अधिकारी अधिकृत सातौ भगवती खड्का कटुवाललाई तोक्ने।

६. वडा नं ६ घोडेपानीमा मोटरबाटो निर्माण गर्नका लागि जिल्ला/इलाका प्रहरी कार्यालयको नाममा रहेको जग्गा, वनक्षेत्रको जग्गा समेत प्रयोग गर्नुपर्ने भएकाले नापी कार्यालयबाट अमिन बोलाई नापजाँच गरिएको हुनाले निजको पारिश्रमिक रु ११०००।– परामर्श सेवा शीर्षकबाट भुक्तानी दिने।

७. वडा नं. ३ मा सचिवको रिक्तता भई वडा नं. ४ का सचिवले थप जिम्मेवारी वहन गर्नुभएकोमा कार्य सम्पादनमा असहजता भएकाले वडा नं. ३ दाना स्वास्थ्य चौकीका करेस जप्रेललाई वडा नं. ३ को कार्यालयमा वडा सचिव/स्थानीय पञ्जिकाधिकारी तोक्ने।

८. राष्ट्रपति रनिङ शिल्डमा घाईते भएका अफिन पुर्जाको उपचारको क्रममा लागेको खर्च, होटलवास, खाजा/खाना खर्च, गाडीभाडा लगायत सम्पूर्ण खर्च रकम भुक्तानी गर्ने ।

९. राष्ट्रिय भूमि आयोग, जिल्ला समिति म्याग्दी को च.न. ३२, मिति २०८०।०१।१५ को पत्रानुसार पालिकाहरुले सम्पन्न गर्नुपर्ने गरि सृजित दायित्व अन्तर्गत कामकाजहरुलाई थप तिव्रता साथ अगाडी बढाउने ।

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल